कम्पनी दर्ता नं. : ९५६/०६२/०६३
इजाजत पत्र नं. : ने.रा.बैं./इ.प्रा./'ख'/३६
पान नं: ३०२३४९२९६

# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंकको स्वतन्त्र सञ्चालक नियुक्त

मिति : २०७७/०४/१८

मुक्तिनाथ विकास बैंक लि.को संचालक समितिले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १४ (३) बमोजिम श्री श्यामसुन्दर शर्मालाई बैंकको स्वतन्त्र संचालकमा नियुक्त गरेको छ । निज नेपाल सरकारको उच्च पदमा रही विभिन्न मन्त्रालय अन्तर्गत करिव ३९ वर्ष कार्य गरी सक्नुभएको छ । नेपालमा उहाँ एक व्यवस्थापन विज्ञको रुपमा परिचित हुनुहुन्छ र साथै, विभिन्न दातृ निकायहरुमा नीतिगत परामर्शदाताको रुपमा कार्य गर्दै आउनुभएको छ । उहाँले लिभरपुल विश्वविद्यालय, बेलायतबाट तथा त्रिभुवन विश्वविद्यालयबाट Public Administration विषयमा स्नातकोत्तर तह , त्रिभुवन विश्वविद्यालयबाट Business Administration विषयमा स्नातकोत्तर तह र सर्रे विश्वविद्यालय, बेलायतबाट, Tourism Management विषयमा अध्ययन गर्नुभएको छ ।

मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३७ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत, निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदान गर्दै आई रहेको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग